

# मानवीय सहायताको सिद्धान्त तथा आचारसंहिता

## लक्षित वर्ग

यो सामग्री प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई लक्षित गरी तयार पारिएको छ । आपत्कालीन परिस्थितिमा बालबालिकाको उद्धार गर्न तथा सरकारी र गैरसरकारी निकायहरूबाट प्राप्त सामग्रीहरूको उचित वितरणका लागि उनीहरु नै जिम्मेवार हुन्छन् । उनीहरु बाहेक गाउँ वा नगरपालिकाका पदाधिकारीहरूले पनि विद्यालयको विपद् जोखिम न्यूनीकरण तथा उद्धारमा संलग्न हुने हुनाले यो विषयमा बुझ्न जरूरी देखिन्छ ।

## मानवीय सहायताको सिद्धान्त भनेको के हो ?

विपद्को अवस्थामा प्रभावित मानिसहरूको सेवा कसरी गर्ने भन्ने मार्गदर्शन गर्ने सिद्धान्त नै मानवीय सहायताको सिद्धान्त हो । आपत्कालीन अवस्थामा मानवीय जीवनको रक्षा र पीडालाई कम गर्नु नै प्रथम दायित्व हुन आँउछ । विशेषतः यस सिद्धान्तले प्रतिकार्यमा संलग्न सरकारी तथा गैर सरकारी निकाय/सङ्घसंस्थाहरूलाई कसरी काम गर्न सकिन्छ भन्ने जानकारी दिन्छ । प्राकृतिक विपद् होस् वा सशस्त्र द्वन्द जस्तोसुकै जटिल खालको आपत्कालिन अवस्थामा पनि मानिसको बाँच्न पाउँने अधिकार र आत्मसम्मानको रक्षा गरी मानविय सहायताका कामहरू गर्न मार्गदर्शन गर्दछ ।

## मानवीय सहायताको सद्धान्त किन जरूरी छ ?

विपद्को समयमा मानिसहरूलाई सहयोगको आवश्यकता धेरै नै हुन्छ । मानिसहरु पीडामा रहने हुँदा राहतको नाममा मानिसहरूबाट फाइदा लिने, भेदभाव गर्ने, शोषण गर्ने, आफ्नो कुरा लाद्ने जस्ता अवाञ्छित गतिविधिहरु अधिक हुने गर्दछन् । यस्ता क्रियाकलापहरू हुन नदिन र मानविय दुःख र पीडा कम गरी मानव भएर बाँच्ने पाउने अधिकारको सुनिश्चित गर्न पनि यस सिद्धान्त प्रतिपादन गरिएका पाइन्छ ।

## विद्यालयमा मानवीय सहायताको सिद्धान्त भनेको के हो ?

विशेषतः विद्यालयमा मानवीय सहायताको सिद्धान्त भन्नाले तल उल्लिखित चार सिद्धान्तलाई जनाउँछ :

- **मानवता:** विद्यालयमा कुनै विपद् हुँदा बालबालिका तथा विद्यालय परिवारको जीवनको रक्षा गर्नुपर्दछ । उनीहरूको स्वास्थ्यको उचित हेरविचार गर्नुपर्दछ । महिला, पुरूष वा अपाङ्गता भएका बालबालिकाहरूलाई प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले मानवीय हिसाबले उनीहरूको आत्मसम्मानलाई आँच नपुऱ्याइकन सहयोग गनुपर्दछ ।
- **तटस्थता:** शिक्षकहरूले कसैलाई काखा कसैलाई पाखा नगरी सबै बालबालिकालाई उसको जात, धर्म वा परिवारका राजनीतिक आस्था नहेरी सही र समान ढङ्गले व्यवहार गर्नुपर्दछ ।
- **निष्पक्षता:** विपद्को समयमा वा अन्य सामान्य दिनमा पनि बालबालिकाहरूलाई दिइने सहयोग आवश्यकताको आधारमा प्राथमिकीकरण गरेर उनीहरूको आवश्यकतालाई सम्बोधन गर्नुपर्दछ । यसरी प्राथमिकीकरण गर्दा उनीहरूलाई जात, धर्म वा
- लिङ्गको आधारमा भेदभाव गर्नु हुँदैन ।

  **स्वत्रन्त्रता:** विपद्को समयमा सहयोग पाउनु प्रभावितहरूको अधिकार हो । विद्यालयमा सहयोग गर्दा राजनितिक स्वार्थ वा निजी स्वार्थ भन्दा परै रहेर स्वतन्त्र ढङ्गले सहयोग गर्नुपर्छ ।

## आचारसंहिता

तल दिइएका आचारसंहितालाई सहयोगी निकायका पदाधिकारी तथा अन्य राहत व्यवस्थापनमा संलग्न कुनै पनि अधिकारीहरूले पालना गर्नुपर्दछ ।

१. मानवीय आवश्यकता सर्वप्रथम आउँछ ।
२. सहयोग पाउनेहरूको जाति, धर्म वा राष्ट्रियतासम्बन्धी कुनै भेदभाव वा अन्य कुनै विभेद नगरी सहयोग प्रदान गरिन्छ र सहयोगसम्बन्धी प्राथमिकता आवश्यकताको आधारमा मात्र निर्धारण गरिन्छ ।
३. सहयोगको प्रयोग कुनै खास राजनीतिक तथा धार्मिक विश्वासलाई विस्तार र प्रवर्धन गर्न भनी गरिने छैन । ४. सरकारको वैदेशिक नीतिका साधनको रूपमा काम नगर्ने प्रयास गर्ने छौं ।
५. स्थानीय संस्कृति तथा संस्कारको सम्मान गर्ने छौं ।
६. स्थानीय क्षमताका आधारमा विपद्सम्बन्धी सहायता कार्यको विकास गर्ने प्रयास गर्ने छौं ।
७. राहत सहयोगको व्यवस्थापनमा कार्यक्रमबाट लाभ उठाउनेहरूलाई संलग्न गराउने उपायहरु खोजी गरिने छ ।
८. राहत सहयोगले विपद्बाट उत्पन्न हुने भावी खतरालाई कम गर्नुका साथै आधारभूत आवश्यकताहरु पुरा गर्ने प्रयास गर्नुपर्छ ।
९. आफूले सहयोग गर्न चाहेको तथा आफूले स्रोत स्वीकार गरेका दुवै निकायप्रति जिम्मेवार रहेको ठान्छौं ।
१०. आफ्ना क्रियाकलापबारे सूचना, प्रसार तथा प्रचार (विज्ञापन) गर्दा हामीले विपद् पीडित व्यक्तिलाई दयाका पात्रको रूपमा नभई सम्मानित नागरिकका रूपमा हेर्ने छौं ।

## सन्दर्भ सामग्रीहरू:


- Core Humanitarian Standards(Link: https://corehumanitarianstandard.org/the-standard)
- OCHA on Message: Humanitarian Principles (Link: http://www.unocha.org/sites/dms/Documents/OOM-humanitarianprinciples_eng_June12.pdf)
- Seven Fundamental principles (Link: http://www.ifrc.org/who-we-are/vision-and-mission/the-seven-fundamental-principles/)
- UN Convention on the Rights of the Child, (Link: https://www.unicef.org.uk/what-we-do/un-convention-child-rights/)

## प्रधानअध्यापकको लागि नोटः

यी सिद्धान्तका बारेमा बुझिसकेपछि प्रधानअध्यापकले शिक्षकहरु तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग विभिन्न क्रियाकलापहरु गरी उनीहरूलाई यसको बारेमा बुझाउनुपर्छ । तल केही उदाहरणहरु दिइएको छ जुन प्रधानाध्यापकले गराउन सक्ने छन् । यसमा मात्र सीमित नरहेर यी बाहेक अन्य कार्यकलापहरु पनि गर्न र गराउन सकिन्छ ।



### अभ्यास १.: (मानवता)

भूकम्पबाट धेरै जना बालकालिकाहरु प्रभावित छन् । केही संस्थाहरूले राहत वितरण केन्द्रबाट राहत वितरण गर्दै छन् । धेरै गर्मी समयमा आफ्नो परिवारसँग बालकालिकाहरु लामो लाइनमा राहत पाउने आशामा पर्खिरहेका छन् । मनिसहरु गर्मीले गर्दा कराउन र यताउति लाइनमा चल्न थाले । ती संस्थाका कर्मचारी लाइनमा भएका मान्छेहरूलाई लठ्ठीले तर्साउँदै गाली गर्दै लाइनमा राख्न खोज्दै छन् ।

**छलफल** : यहाँ के भयो, के हुनु हुन्नथ्यो ? किन भयो ? यसका लागि के गर्नुपर्थो र किन?

**संभावित उत्तर** : यहाँ मानिसहरु पिटिए जुन एकदमै नराम्रो भयो किनकि राहत पाउनु सबै पीडितहरूको अधिकार हो । यो कुरा संस्थाका कर्मचारीहरूलाई ज्ञात हुनुपर्छ । यस्तो अवस्थामा संस्थाका कर्मचारीहरूले मानिसहरूलाई ढाडस दिनुपर्छ । पानी आदिको व्यवस्था गर्नुपर्छ तथा राहत यथासक्दो चाँडो वितरण गर्नुपर्छ ।



### अभ्यास २.: (तटस्थता)

एउटा बस्ती पहिरोबाट प्रभावित छ । नजिकै पद्मोदय विद्यालय छ, जुन सामुदायिक विद्यालय हो । यसका भवन पूर्णरूपमा भत्किएका छन् । यसमा अध्ययनरत प्रायःजसो विद्यार्थीहरु रामानन्द गाउँका छन् भने थोरै मात्र कृष्णनन्द गाउँका छन् ।यो विद्यालय कुन गाउँमा सार्ने भन्नेमा निकै विवाद चल्यो । कोही रामानन्द गाउँ त कोही कृष्णनन्द गाउँमा सार्न दबाब दिँदै छन् । तर राजनीतिक दलका नेताहरूको दबाबमा विद्यालय व्यवस्थापन समितिले यो विद्यालय कृष्णनन्द गाउँमा सार्ने निर्णय गऱ्यो ।

**छलफलः** यहाँ के भयो, के हुनु हुन्नथ्यो ?किन भयो ?यसको लागि के गर्नुपर्थो र किन?

**संभावित उत्तरः** यहाँ झगडाको माहोल उत्पन्न भयो । यसमा राजनीतिक प्रभावका कारणले अधिकांश विद्यार्थी मर्कामा परे, अन्याय भयो जुन हुनु हुन्नथ्यो । यसका लागि शिक्षक, प्रधानअध्यपक, अभिभावक, गाउँका प्रमुख, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र शिक्षाका अधिकारी मिलेर विषयको गम्भीर छलफल गरी सही विश्लेषणको आधारमा निर्णय गर्नुपर्थ्यो ।




### अभ्यास ३.: ( निष्पक्षता )

- गाउँमा ठूलो बाढी आयो र विद्यालयहरु पनि प्रभावित भए । विद्यार्थीहरूका झोला, किताब, कपीकलमहरु बढीले बगायो । कतिपयको त स्कुलको लुगा पनि हरायो । एउटा गैरसरकारी संस्थाले सरस्वती माध्यामिक विद्याललाई यी सामग्री प्रदान गऱ्यो । ती सामग्री वितरण गर्ने क्रममा कतिपय शिक्षकहरूले आफ्ना बच्चाहरु तथा नातागोतालाई बढी दिनुभयो ।
- यसले गर्दा गरिब अरु बालबालिहरूलाई ती सामग्री पुगेनन् र उनीहरूले पाएनन् । नपाउने गरिब विद्यार्थीहरु दुःखी भएर घर फर्कन थाले ।

**छलफलः** यहाँ के भयो, के हुनु हुन्नथ्यो ?यसका लागि के गर्नुपर्थो र किन?

**संभावित उत्तरः** यहाँ भेदभाव भयो जुन हुनुहुन्नथ्यो । बालबालिकाहरूलाई आवश्यकताको आधारमा प्राथमिकीकरण गरी सामग्रीहरु वितरण गर्नुपर्थ्यो । आफ्नालाई धेरै, कसैलाई कम दिने गर्नु मानवीय सहायता सिद्धान्तको विपरीत हुन्छ ।



### अभ्यास ४.: (स्वतन्त्रता)

जुलाई २०१७ को बाढीपश्चात् शुकरात विद्यालयमा राहत सामग्रीहरु वितरणका लागि तयारी भइरहेको थियो । एउटा राजनीतिक पार्टीका कार्यकर्ताहरु वितरण स्थलमा आएर यी सामग्रीहरु आफ्नो पार्टीले प्रदान गरेको हो र अब सबै यो पार्टीप्रति कृतज्ञ हुनुपर्छ आदि भन्दै भाषण दिन थाले ।

**छलफलः** यहाँ के भयो, के हुनु हुन्नथ्यो ?किन भयो ? यसका लागि के गर्नुपर्थो र किन?

**संभावित उत्तरः** यहाँ भेदभाव भयो जुन हुनुहुन्नथ्यो । बालबालिकाहरूलाई आवश्यकताको आधारमा प्राथमिकीकरण गरी सामग्रीहरु वितरण गर्नुपर्थ्यो । आफ्नालाई धेरै, कसैलाई कम दिने गर्नु मानवीय सहायता सिद्धान्तको विपरीत हुन्छ ।

"यूरोपियन यूनियनको आर्थिक सहयोगमा सञ्चालित मानवीय सहयोग गतिविधिहरूको बारेमा यस डकुमेन्टमा उल्लेख गरिएको छ । यूरोपियन यूनियनका आधिकारीक धारणाको रूपमा कुनैपनि किसिमले यहाँ व्यक्त विचारहरूलाई लिइने छैन साथै त्यसबाट निर्मित कुनै पनि सूचना तथा जानकारीको प्रयोगमा यूरोपियन कमिसन जिम्मेवार हुने छैन ।"

European Union Civil Protection and Humanitaria Aid